# गुराँस राजपत्र

## गुराँस गाउँपालिकाद्धारा प्रकाशित

**खण्डः १०** **संख्याः २८** **मितिः २०८३/०५/१६**

**भागः २**


गुराँस गाउँपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्बसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

## पूर्ण स्वरोजगारयुक्त गाउँपालिका घोषणा कार्यान्वयन सम्बन्धी कार्यविधि, २०८३

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी गुराँस गाउँपालिकाले पूर्ण स्वरोजगारयुक्त गाउँपालिका घोषणा कार्यान्वयन सम्बन्धी कार्यविधि, २०८३ जारी गरेको छ ।

## गुराँस गाउँपालिका

## पूर्ण स्वरोजगारयुक्त गाउँपालिका घोषणा कार्यान्वयन सम्बन्धी कार्यविधि, २०८३

कार्यपालिकाबाट स्वीकृत मितिः

प्रमाणीकरण मितिः

**प्रस्तावना**

गुराँस गाउँपालिकाभित्र रहेका बेरोजगार, अर्धबेरोजगार, विपन्न, महिला, युवा, दलित, जनजाति, अपाङ्गता भएका व्यक्ति, वैदेशिक रोजगारीबाट फर्किएका श्रमिक तथा अन्य लक्षित वर्गलाई उत्पादन र उद्यमशीलता मार्फत रोजगारी सिर्जना तथा न्यूनतम रोजगारी प्रत्याभूति, सीप विकास, उद्यमशीलता प्रवर्धन र पुन एकीकरण सम्बन्धी क्रियाकलाप संचालन गरि पूर्ण स्वरोजगारयुक्त वडा वा गाउँपालिका बनाइने छ । उत्पादनशील रोजगारी तथा दीगो स्वरोजगारमा आबद्ध गरी गाउँपालिकालाई पूर्ण स्वरोजगारयुक्त बनाउने उद्देश्यले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ (२) ले प्रदान गरेको अधिकार प्रयोग गरी गुराँस गाउँपालिकाले यो "पूर्ण स्वरोजगारयुक्त गाउँपालिका घोषणा कार्यान्वयन सम्बन्धी कार्यविधि, २०८३" तर्जुमा गरी जारी गरेको छ।

### परिच्छेद–१: प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ**

(१) यस कार्यविधिको नाम "पूर्ण स्वरोजगारयुक्त गाउँपालिका घोषणा कार्यान्वयन सम्बन्धी कार्यविधि, २०८३" रहनेछ।

(२) यो कार्यविधि गुराँस राजपत्रमा प्रकाशन भएको मितिदेखि लागू हुनेछ।

**२. परिभाषा**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा–

(क) "गाउँपालिका" भन्नाले गुराँस गाउँपालिका, दैलेखलाई सम्झनुपर्छ।

(ख) "कार्यपालिका" भन्नाले गाउँ कार्यपालिकालाई सम्झनुपर्छ।

(ग) "पूर्ण स्वरोजगार" भन्नाले काम गर्न सक्षम तथा इच्छुक प्रत्येक व्यक्तिले न्यूनतम वार्षिक आम्दानी सुनिश्चित हुने गरी कुनै न कुनै उत्पादनशील उद्यम, कृषि, पशुपालन, सेवा, उद्योग, व्यवसाय वा अन्य आयआर्जनमूलक पेशामा संलग्न रहेको अवस्थालाई जनाउँछ।

(घ) "स्वरोजगार" भन्नाले व्यक्तिले आफ्नै श्रम, सीप, पूँजी वा साधन प्रयोग गरी आयआर्जन गर्ने कार्यलाई जनाउँछ।

(ङ) "उद्यम" भन्नाले कृषि, पशुपालन, वन, पर्यटन, उद्योग, सेवा, सूचना प्रविधि, घरेलु तथा साना उद्योग लगायत आयआर्जन हुने व्यवसायलाई जनाउँछ।

(च) "लक्षित वर्ग" भन्नाले महिला, युवा, दलित, जनजाति, एकल महिला, अपाङ्गता भएका व्यक्ति, विपन्न परिवार, वैदेशिक रोजगारीबाट फर्किएका व्यक्ति तथा अन्य प्राथमिकतामा पर्ने समुदायलाई जनाउँछ।

**३. उद्देश्यः** यस कार्यविधिका उद्देश्य देहायबमोजिम हुनेछन्–

(क) गाउँपालिकाभित्र रहेका सबै बेरोजगार व्यक्तिको तथ्याङ्क अद्यावधिक गर्ने।

(ख) प्रत्येक परिवारलाई कम्तीमा एक दीगो आयआर्जनको स्रोतमा आबद्ध गर्ने।

(ग) उत्पादन, उत्पादकत्व तथा उद्यमशीलता वृद्धि गर्ने।

(घ) कृषि, पर्यटन, उद्योग, सेवा तथा साना व्यवसायमार्फत स्थानीय रोजगारी सिर्जना गर्ने।

(ङ) सीप, प्रविधि, वित्तीय पहुँच तथा बजार व्यवस्थापनमा सहजीकरण गर्ने।

(च) पूर्ण स्वरोजगारयुक्त गाउँपालिका घोषणा गर्ने आधार तयार गर्ने।

**४. कार्यक्षेत्रः** यो कार्यविधि गुराँस गाउँपालिकाका सम्पूर्ण वडा, समुदाय, संस्था तथा गाउँपालिकाबाट सञ्चालन हुने स्वरोजगार तथा उद्यम विकास कार्यक्रमहरूमा लागू हुनेछ।

## परिच्छेद–२: संस्थागत व्यवस्था

**५. संस्थागत व्यवस्था**

(१) गाउँपालिकालाई पूर्ण स्वरोजगारयुक्त बनाउने उद्देश्यका कार्यक्रमको प्रभावकारी कार्यान्वयन, समन्वय, अनुगमन तथा मूल्याङ्कन गर्न देहायबमोजिमका संस्थागत संरचना रहनेछन्–
(क) गाउँपालिकास्तरीय पूर्ण स्वरोजगार कार्यान्वयन तथा समन्वय समिति
(ख) वडास्तरीय स्वरोजगार सहजीकरण समिति
(ग) प्राविधिक तथा विषयगत सहयोग समूह

**६. गाउँपालिका स्तरीय पूर्ण स्वरोजगार कार्यान्वयन तथा समन्वय समितिः** (१) गाउँपालिकामा देहायबमोजिमको समिति रहनेछः

- क) गाउँपालिका अध्यक्ष – संयोजक
- ख) गाउँपालिका उपाध्यक्ष – सह–संयोजक
- ग) प्रमुख प्रशासकीय अधिकृत – सदस्य
- घ) आर्थिक विकास समितिका संयोजक – सदस्य
- ङ) सामाजिक विकास समितिका संयोजक – सदस्य
- च) पूर्वाधार विकास समितिका संयोजक – सदस्य
- छ) सबै वडा अध्यक्ष – सदस्य
- ज) कृषि शाखा प्रमुख – सदस्य
- झ) पशु सेवा शाखा प्रमुख – सदस्य

ञ) रोजगार संयोजक – सदस्य
ट) उद्योग/उद्यम विकास हेर्ने कर्मचारी – सदस्य
ठ) सहकारी शाखा प्रमुख – सदस्य
ड) योजना शाखा प्रमुख – सदस्य
ढ) स्थानीय उद्योग वाणिज्य संघको प्रतिनिधि (१ जना) – सदस्य
ण) वित्तीय संस्थाको प्रतिनिधि (१ जना) – सदस्य
त) प्रमुख प्रशासकीय अधिकृतले तोकेको कर्मचारी – सदस्य–सचिव

(२) आवश्यकता अनुसार विषय विशेषज्ञ, विकास साझेदार, गैरसरकारी संस्था वा निजी क्षेत्रका प्रतिनिधिलाई बैठकमा आमन्त्रित गर्न सकिनेछ।

**७. समितिको काम, कर्तव्य र अधिकार**

समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः

(क) पूर्ण स्वरोजगार सम्बन्धी नीति, योजना तथा वार्षिक कार्यक्रम स्वीकृतिका लागि कार्यपालिकामा सिफारिस गर्ने।

(ख) बेरोजगार तथा अर्धबेरोजगार व्यक्तिको अद्यावधिक विवरण स्वीकृत गर्ने।

(ग) लक्षित वर्ग छनोटको मापदण्ड निर्धारण गर्ने।

(घ) उद्यम, कृषि, पशुपालन, पर्यटन, घरेलु उद्योग तथा सेवा क्षेत्रका कार्यक्रमबीच समन्वय गर्ने।

(ङ) आवश्यक सीप विकास, प्रविधि हस्तान्तरण, वित्तीय पहुँच तथा बजारीकरणमा सहजीकरण गर्ने।

(च) विभिन्न सरकारी, गैरसरकारी तथा निजी क्षेत्रसँग साझेदारी विकास गर्ने।

(छ) कार्यक्रमको नियमित अनुगमन तथा मूल्याङ्कन गर्ने।

(ज) पूर्ण स्वरोजगार घोषणा सम्बन्धी सूचकहरूको प्रगति समीक्षा गर्ने।

(झ) आवश्यक निर्देशन तथा निर्णय गर्ने।

**८. वडा स्तरीय स्वरोजगार सहजीकरण समितिः** प्रत्येक वडामा देहायबमोजिम समिति रहनेछ-

क) वडा अध्यक्ष – संयोजक
ख) वडा सदस्य (कम्तीमा एक महिला) – सदस्य
ग) वडा सचिव – सदस्य
घ) कृषि प्राविधिक – सदस्य
ङ) पशु प्राविधिक – सदस्य
च) स्थानीय सहकारीको प्रतिनिधि – सदस्य
छ) उद्यमी/कृषक समूहको प्रतिनिधि – सदस्य

ज)  वडा कार्यालयले तोकेको कर्मचारी – सदस्य–सचिव

**९. वडा समितिको काम, कर्तव्य र अधिकार**

(क) वडाभित्र रहेका बेरोजगार तथा स्वरोजगार व्यक्तिको अभिलेख तयार गर्ने।

(ख) घरधुरी सर्वेक्षण सञ्चालन गर्ने।

(ग) सम्भावित उद्यमको पहिचान गर्ने।

(घ) लाभग्राही छनोट गरी गाउँपालिकामा सिफारिस गर्ने।

(ङ) तालिम तथा कार्यक्रम सञ्चालनमा सहजीकरण गर्ने।

(च) कार्यक्रमको नियमित अनुगमन गर्ने।

**१०. प्राविधिक तथा विषयगत सहयोग समूह**

(१) आवश्यकता अनुसार गाउँपालिकाले कृषि, पशुपालन, उद्योग, पर्यटन, सहकारी, वित्त, सूचना प्रविधि, बजार व्यवस्थापन तथा उद्यम विकासका विज्ञहरूको प्राविधिक समूह गठन गर्न सक्नेछ।

(२) उक्त समूहले आवश्यक अध्ययन, सम्भाव्यता विश्लेषण, व्यवसाय योजना, प्रविधि छनोट तथा अनुगमनमा सहयोग गर्नेछ।

**११. बैठक सम्बन्धी व्यवस्था**

(१) गाउँपालिका स्तरीय समितिको बैठक कम्तीमा प्रत्येक तीन महिनामा एक पटक बस्नेछ।

(२) आवश्यकता अनुसार संयोजकले जुनसुकै समयमा बैठक बोलाउन सक्नेछ।

(३) समितिको कूल सदस्य संख्याको कम्तीमा ५१ प्रतिशत सदस्य उपस्थित भएमा गणपूरक संख्या पुगेको मानिनेछ।

(४) निर्णय सकेसम्म सर्वसम्मतिबाट र आवश्यक परे बहुमतबाट गरिनेछ।

(५) सदस्य–सचिवले बैठकको निर्णय अभिलेखीकरण गरी कार्यान्वयनको व्यवस्था मिलाउनेछ।

**१२. सचिवालय**

(१) यस कार्यविधिको कार्यान्वयनका लागि गाउँपालिकाको रोजगार सेवा केन्द्र वा आर्थिक विकास शाखाले सचिवालयको रूपमा कार्य गर्नेछ।

(२) सचिवालयको काम देहायबमोजिम हुनेछः

(क) कार्यक्रमको अभिलेख तथा तथ्याङ्क व्यवस्थापन गर्ने।

(ख) समिति बैठकको तयारी तथा निर्णय कार्यान्वयन गर्ने।

(ग) प्रगति प्रतिवेदन तयार गर्ने।

(घ) सूचना प्रणाली अद्यावधिक गर्ने।

(ङ) अन्य प्रशासनिक तथा प्राविधिक सहयोग उपलब्ध गराउने।

## परिच्छेद–३: स्वरोजगार कार्यक्रम सञ्चालन

### १३. कार्यक्रम सञ्चालनका क्षेत्र

(१) गाउँपालिकाले स्थानीय स्रोत, साधन, सम्भाव्यता, बजारको माग तथा रोजगारी सिर्जनाको सम्भावनालाई आधार मानी देहायका क्षेत्रमा स्वरोजगार कार्यक्रम सञ्चालन गर्न सक्नेछः

(क) व्यावसायिक कृषि तथा बाली उत्पादन,
(ख) फलफूल, तरकारी, मसला तथा नगदेबाली खेती,
(ग) पशुपालन, दुग्ध उत्पादन, बाख्रापालन, बंगुरपालन, कुखुरापालन, मौरीपालन तथा मत्स्यपालन,
(घ) वनजन्य तथा जडीबुटीजन्य उद्यम,
(ङ) घरेलु तथा साना उद्योग,
(च) हस्तकला तथा परम्परागत सीपमा आधारित उद्यम,
(छ) पर्यटन, होमस्टे, होटल तथा आतिथ्य सेवा,
(ज) सूचना प्रविधि तथा डिजिटल सेवामा आधारित उद्यम,
(झ) सेवा, व्यापार तथा अन्य स्थानीय सम्भावनामा आधारित उद्यम।

(२) गाउँपालिकाले आवश्यकता अनुसार अन्य उत्पादनशील तथा आयमूलक क्षेत्रलाई पनि कार्यक्रमअन्तर्गत समावेश गर्न सक्नेछ।

### १४. लाभग्राहीको पहिचान तथा छनोट

(१) प्रत्येक वडाले  बेरोजगार तथा अर्धबेरोजगार व्यक्तिको घरधुरी सर्वेक्षण गरी अद्यावधिक विवरण तयार गर्नेछ।

(२) लाभग्राही छनोट गर्दा देहायका आधारलाई प्राथमिकता दिइनेछः

(क) विपन्न तथा न्यून आय भएका परिवार,
(ख) बेरोजगार युवा,
(ग) महिला, विशेष गरी एकल महिला,
(घ) दलित, आदिवासी जनजाति तथा सीमान्तकृत समुदाय,
(ङ) अपाङ्गता भएका व्यक्ति,
(च) वैदेशिक रोजगारीबाट फर्किएका व्यक्ति,

(छ) द्वन्द्वपीडित, विपद्पीडित तथा सामाजिक रूपमा जोखिममा रहेका परिवार,
(ज) उद्यम सञ्चालन गर्ने स्पष्ट योजना भएका व्यक्ति वा समूह।

(३) लाभग्राही छनोट प्रक्रिया निष्पक्ष, समावेशी, पारदर्शी तथा प्रतिस्पर्धात्मक हुनेछ।

**१५. उद्यम छनोट तथा व्यवसाय योजना**

(१) लाभग्राहीले आफ्नो रुचि, सीप, स्थानीय स्रोत तथा बजारको सम्भावनाका आधारमा उद्यम छनोट गर्नुपर्नेछ।

(२) प्रत्येक लाभग्राहीले आवश्यक परे व्यवसाय योजना (Business Plan) तयार गर्नुपर्नेछ।

(३) गाउँपालिकाले व्यवसाय योजना तयार गर्न प्राविधिक सहयोग उपलब्ध गराउनेछ।

**१६. सीप विकास तथा क्षमता अभिवृद्धि**

(१) स्वरोजगार कार्यक्रम सञ्चालनपूर्व आवश्यकतानुसार आधारभूत तथा उन्नत सीपमूलक तालिम सञ्चालन गरिनेछ।

(२) तालिममा उद्यम व्यवस्थापन, वित्तीय साक्षरता, लेखा व्यवस्थापन, बजारीकरण, गुणस्तर नियन्त्रण, डिजिटल कारोबार तथा व्यवसाय विस्तारसम्बन्धी विषय समावेश गरिनेछ।

(३) तालिम सफलतापूर्वक पूरा गरेका लाभग्राहीलाई प्रमाणपत्र प्रदान गर्न सकिनेछ।

**१७. वित्तीय तथा प्राविधिक सहयोग**

(१) गाउँपालिकाले स्वीकृत कार्यक्रमअनुसार देहायबमोजिम सहयोग उपलब्ध गराउन सक्नेछः

(क) बीउपूँजी वा अनुदान,
(ख) उपकरण तथा प्रविधि सहयोग,
(ग) उत्पादन सामग्री उपलब्ध गराउने,
(घ) सहुलियतपूर्ण ऋणमा पहुँचका लागि सहजीकरण,
(ङ) बीमा तथा जोखिम व्यवस्थापनमा सहजीकरण,
(च) प्राविधिक परामर्श तथा नियमित परामर्श सेवा।

(२) उपलब्ध गराइने सहयोग गाउँपालिकाको स्वीकृत वार्षिक कार्यक्रम, बजेट तथा प्रचलित कानुनबमोजिम हुनेछ।

**१८. उद्यम सञ्चालन तथा दायित्व**

(१) लाभग्राहीले प्राप्त सहयोग स्वीकृत उद्देश्यबाहेक अन्य प्रयोजनमा प्रयोग गर्न पाउने छैन।

(२) लाभग्राहीले उद्यम सञ्चालन गरी निरन्तर उत्पादन वा सेवा प्रवाह गर्नुपर्नेछ।

(३) गाउँपालिकाले माग गरेमा लाभग्राहीले प्रगति विवरण, आय–व्यय तथा उत्पादनसम्बन्धी जानकारी उपलब्ध गराउनुपर्नेछ।

(४) लाभग्राहीले वातावरण संरक्षण, श्रम सुरक्षा तथा प्रचलित कानुनको पालना गर्नुपर्नेछ।

**१९. बजार व्यवस्थापन तथा बजारीकरण**

(१) गाउँपालिकाले स्थानीय उत्पादनको बजारीकरणका लागि आवश्यक समन्वय र सहजीकरण गर्नेछ।

(२) उत्पादक समूह, सहकारी, निजी क्षेत्र तथा बजारसँग साझेदारी विकास गरिनेछ।

(३) स्थानीय उत्पादनको ब्रान्डिङ, प्याकेजिङ, लेबलिङ, प्रदर्शनी, व्यापार मेला तथा डिजिटल बजार प्रवर्द्धनका कार्यक्रम सञ्चालन गर्न सकिनेछ।

**२०. अभिलेख तथा सूचना व्यवस्थापन**

(१) प्रत्येक लाभग्राहीको व्यक्तिगत तथा उद्यमसम्बन्धी अभिलेख गाउँपालिकाले सुरक्षित राख्नेछ।

(२) स्वरोजगार कार्यक्रमको प्रगति, रोजगारी सिर्जना, आयवृद्धि तथा उद्यमको अवस्थाको नियमित अद्यावधिक गरिनेछ।

(३) गाउँपालिकाले आवश्यकतानुसार विद्युतीय सूचना प्रणाली (MIS) मार्फत तथ्याङ्क व्यवस्थापन गर्न सक्नेछ।

**२१. कार्यक्रम कार्यान्वयनमा समन्वय**

(१) गाउँपालिकाले संघ, प्रदेश, स्थानीय तह, सहकारी संस्था, बैंक तथा वित्तीय संस्था, निजी क्षेत्र, विकास साझेदार तथा गैरसरकारी संस्थासँग आवश्यक समन्वय गरी कार्यक्रम सञ्चालन गर्न सक्नेछ।

(२) दोहोरो अनुदान तथा स्रोतको दुरुपयोग हुन नदिन सम्बन्धित निकायबीच सूचना आदान–प्रदान तथा समन्वय गरिनेछ।

**२२. उद्यमको दीगोपना**

(१) गाउँपालिकाले स्थापना भएका उद्यमलाई कम्तीमा दुई वर्षसम्म आवश्यक परामर्श, प्राविधिक सहयोग तथा अनुगमन उपलब्ध गराउने प्रयास गर्नेछ।

(२) सफल उद्यमलाई विस्तार, मूल्य श्रृङ्खला विकास, नवप्रवर्तन तथा निर्यात प्रवर्द्धनका कार्यक्रममा प्राथमिकता दिन सकिनेछ।

(३) निरन्तर सञ्चालनमा रहेका उद्यमलाई गाउँपालिकाले उत्कृष्ट उद्यमका रूपमा छनोट गरी सम्मान, प्रोत्साहन वा अतिरिक्त सहजीकरण प्रदान गर्न सक्नेछ।

## परिच्छेद–४: तथ्यांक संकलन तथा कार्यान्वयन प्रक्रिया

**२३. कार्यक्रमलाई सफलतापूर्वक सम्पन्न गर्न देहाय बमोजिमको चरणबद्ध प्रक्रिया अपनाइनेछ:**

(१) तयारी र सफ्टवेयर/प्रश्नावली निर्माण गर्न रोजगार शाखा र सूचना प्रविधि शाखा ले रोजगार संयोजकको नेतृत्वमा तथ्यांक संकलनका सूचकहरू (जनसंख्या, शिक्षा, आवास, रोजगार अवस्था, व्यवसाय) समेटिएको विस्तृत फारम वा मोबाइल एप तयार गर्ने। साथै मोबाइल एप तयार बाह्य प्रोग्रामर लाइ खटाउने ।

(२) अभिमुखीकरण तथा गणक परिचालन गर्न वडा र प्रशासनिक शाखा प्रत्येक वडाका लागि गणक/सुपरीवेक्षक छनोट गरी सघन तालिम दिने र आवश्यक सामग्रीसहित घरधुरी सर्वेक्षणका लागि कार्यक्षेत्रमा खटाउने।

(३)तथ्यांक संकलन र प्रमाणीकरण गर्न वडा समिति र रोजगार संयोजक को निर्देशनमा गणकहरूले घर-घरमा गई विवरण संकलन गर्नेछन्। संकलित तथ्यांकलाई वडा समितिले स्थानीयस्तरमा प्रमाणीकरण गरी रोजगार शाखामा पठाउनेछ।

(४)डाटा प्रविष्टि र वर्गीकरण गर्न रोजगार शाखाले तथ्यांकलाई सफ्टवेयरमा प्रविष्टि (Entry) गरी नागरिकहरूलाई रोजगार, स्वरोजगार, र बेरोजगार (दक्ष, अर्ध-दक्ष, अदक्ष) समूहमा वर्गीकरण गर्ने।

(५) रोजगारी र सीप मिलान (Skill Matching) गर्न कार्यान्वयन समितिले बेरोजगारहरूको चाहना र पालिकाको आवश्यकता अनुसार सीपमूलक तालिम (सिलाई-कटाई, डकर्मी, प्लम्बिङ, कृषि, पशुपालन आदि) दिने र वित्तीय संस्थाहरूसँग समन्वय गरी सहुलियतपूर्ण ऋणको व्यवस्था गर्ने।

(६) घोषणा तथा दीगोपन सुनिश्चितता गर्न पालिका प्रमुख द्धारा पालिका  सभा बाट मापदण्ड पूरा भएपछि कार्यविधि बमोजिम पालिकालाई 'पूर्ण रोजगार तथा स्वरोजगार पालिका' घोषणा गर्ने र यसको नियमित अध्यावधिक (Update) गर्ने।

**२४.  तथ्यांक तथायासंकलन गरिने मुख्य विवरणहरू (सूचकहरू) तथ्यांक संकलन फारममा अनिवार्य रूपमा समेटिने क्षेत्रहरू:**

(1) जनसंख्या विवरण: कुल परिवार संख्या, उमेर समूह (काम गर्न सक्ने १६-६० वर्ष), लिङ्ग, अपाङ्गता अवस्था।

(२) शिक्षाको अवस्था: साक्षरता, औपचारिक शिक्षा (विद्यालय/विश्वविद्यालय), प्राविधिक वा व्यावसायिक सीप हासिल गरेको अवस्था।

(३) रोजगार/स्वरोजगार/बेरोजगार अवस्था: सरकारी/निजी क्षेत्रमा कार्यरत, वैदेशिक रोजगारीमा रहेका, पूर्ण बेरोजगार वा मौसमी बेरोजगार।

(४) आवासको अवस्था: आफ्नै घर (पक्की/कच्ची), भाडामा बसेको, सुरक्षित आवासको अवस्था।

(५)  व्यवसायको अवस्था: कृषि, पशुपालन, व्यापार, घरेलु उद्योग, दर्ता भए/नभएको अवस्था र वार्षिक आम्दानीको स्रोत।

## परिच्छेद–५: अनुदान, लागत साझेदारी, सहुलियत ऋण, सीप विकास तथा प्रोत्साहन व्यवस्था

### २५. अनुदान सम्बन्धी व्यवस्था

(१) गाउँपालिकाले वार्षिक स्वीकृत कार्यक्रम तथा बजेटको अधीनमा रही स्वरोजगार प्रवर्द्धनका लागि अनुदान उपलब्ध गराउन सक्नेछ।

(२) अनुदान देहायका प्रयोजनका लागि उपलब्ध गराउन सकिनेछः

(क) उद्यम स्थापना वा विस्तार,
(ख) कृषि तथा पशुपालन उत्पादन,
(ग) उपकरण, मेसिनरी तथा प्रविधि खरिद,
(घ) प्रशोधन, भण्डारण तथा प्याकेजिङ,
(ङ) बजार प्रवर्द्धन तथा ब्रान्डिङ,
(च) नवप्रवर्तन (Innovation) तथा मूल्य अभिवृद्धि कार्यक्रम।

(३) अनुदान नगद, जिन्सी, उपकरण वा सेवा सुविधाका रूपमा उपलब्ध गराउन सकिनेछ।

(४) एउटै प्रयोजनका लागि कुनै अन्य सरकारी निकायबाट अनुदान प्राप्त गरेको लाभग्राहीलाई दोहोरो अनुदान उपलब्ध गराइने छैन।

### २६. लागत साझेदारी

(१) स्वरोजगार कार्यक्रम लागत साझेदारी (Cost Sharing) को आधारमा सञ्चालन गरिनेछ।

(२) लाभग्राहीले न्यूनतम **५० प्रतिशत** नगद, जिन्सी वा श्रमदानको रूपमा योगदान गर्नुपर्नेछ।

(३) विशेष परिस्थिति, विपन्न, दलित, अपाङ्गता भएका व्यक्ति, एकल महिला वा कार्यपालिकाले तोकेको लक्षित वर्गका लागि लागत सहभागितामा छुट वा सहुलियत प्रदान गर्न सकिनेछ।

(४) लागत साझेदारीको अनुपात कार्यक्रमको प्रकृति, लागत तथा उपलब्ध बजेटका आधारमा गाउँ कार्यपालिकाले समय–समयमा निर्धारण गर्न सक्नेछ।

### २७. सहुलियत ऋणमा पहुँच

(१) गाउँपालिकाले बैंक तथा वित्तीय संस्था, लघुवित्त संस्था तथा सहकारी संस्थासँग समन्वय गरी लाभग्राहीलाई सहुलियत ऋण उपलब्ध गराउन सहजीकरण गर्नेछ।

(२) आवश्यकता अनुसार गाउँपालिकाले व्यवसाय योजना, सिफारिस, परियोजना मूल्याङ्कन तथा ऋण प्रक्रियामा प्राविधिक सहयोग उपलब्ध गराउनेछ।

(३) ऋण प्रवाह सम्बन्धी शर्त सम्बन्धित वित्तीय संस्थाको प्रचलित नीति तथा कानुनबमोजिम हुनेछ।

**२८. सीप विकास तथा उद्यमशीलता अभिवृद्धि**

(१) स्वरोजगार कार्यक्रमअन्तर्गत सहभागी हुने लाभग्राहीलाई आवश्यकताका आधारमा सीप विकास तालिम प्रदान गरिनेछ।

(२) तालिममा देहायका विषय समावेश गर्न सकिनेछः

(क) प्राविधिक सीप,
(ख) उद्यम व्यवस्थापन,
(ग) वित्तीय साक्षरता,
(घ) लेखा तथा अभिलेख व्यवस्थापन,
(ङ) व्यवसाय योजना निर्माण,
(च) डिजिटल प्रविधिको प्रयोग,
(छ) गुणस्तर नियन्त्रण तथा बजार व्यवस्थापन,
(ज) ग्राहक सेवा तथा व्यवसाय विस्तार।

(३) आवश्यकता अनुसार पुनर्ताजगी (Refresher) तालिम तथा उन्नत सीप विकास तालिम सञ्चालन गर्न सकिनेछ।

**२९. व्यवसाय परामर्श तथा प्राविधिक सहयोग**

(१) गाउँपालिकाले लाभग्राहीलाई व्यवसाय स्थापना, सञ्चालन तथा विस्तारका लागि नियमित प्राविधिक परामर्श उपलब्ध गराउनेछ।

(२) आवश्यकता अनुसार विषय विशेषज्ञ, कृषि तथा पशु प्राविधिक, उद्योग विज्ञ, वित्तीय परामर्शदाता वा अन्य सेवा प्रदायक परिचालन गर्न सकिनेछ।

(३) उद्यमको उत्पादन, गुणस्तर सुधार तथा बजार विस्तारका लागि नियमित परामर्श सेवा सञ्चालन गरिनेछ।

**३०. प्रोत्साहन व्यवस्था**

(१) उत्कृष्ट उद्यम, उच्च रोजगारी सिर्जना गर्ने उद्यम तथा नवप्रवर्तनमा आधारित उद्यमलाई गाउँपालिकाले विशेष प्रोत्साहन प्रदान गर्न सक्नेछ।

(२) प्रोत्साहनका आधारहरू देहायबमोजिम हुन सक्नेछन्–

(क) उत्कृष्ट उद्यम पुरस्कार,
(ख) थप उपकरण वा प्रविधि सहयोग,
(ग) व्यवसाय विस्तारका लागि अतिरिक्त अनुदान वा लागत साझेदारी,
(घ) प्रदर्शनी, व्यापार मेला तथा अध्ययन अवलोकन भ्रमणमा सहभागिता,
(ङ) सम्मानपत्र वा प्रशंसापत्र।

(३) उत्कृष्ट उद्यम छनोटका मापदण्ड कार्यपालिकाले स्वीकृत गरेबमोजिम हुनेछ।

**३१. सम्झौता**

(१) अनुदान वा अन्य सहयोग प्राप्त गर्ने प्रत्येक लाभग्राहीसँग गाउँपालिकाले लिखित सम्झौता गर्नेछ।

(२) सम्झौतामा कम्तीमा देहायका विषय उल्लेख गरिनेछः

(क) कार्यक्रमको उद्देश्य,
(ख) उपलब्ध गराइने सहयोगको विवरण,
(ग) लाभग्राहीको दायित्व,
(घ) लागत साझेदारीको विवरण,
(ङ) अनुगमन तथा प्रतिवेदन व्यवस्था,
(च) सम्झौता उल्लङ्घन भएमा हुने कारबाही।

**३२. सहयोगको दुरुपयोग**

(१) लाभग्राहीले प्राप्त अनुदान, उपकरण वा अन्य सहयोग स्वीकृत उद्देश्यबाहेक अन्य प्रयोजनमा प्रयोग गर्न पाउने छैन।

(२) सहयोगको दुरुपयोग भएको प्रमाणित भएमा गाउँपालिकाले देहायबमोजिम कारबाही गर्न सक्नेछः

(क) सहयोग फिर्ता माग गर्ने,
(ख) भविष्यका कार्यक्रममा सहभागिता रोक्ने,
(ग) प्रचलित कानुनबमोजिम आवश्यक कारबाही गर्ने।

**३३. निजी क्षेत्र तथा सहकारीसँग साझेदारी**

(१) गाउँपालिकाले स्वरोजगार तथा उद्यम विकासका लागि सहकारी संस्था, बैंक तथा वित्तीय संस्था, निजी क्षेत्र, उद्योग–वाणिज्य संघ, शैक्षिक संस्था तथा विकास साझेदारसँग साझेदारी गर्न सक्नेछ।

(२) साझेदारी कार्यक्रमबाट प्राप्त स्रोत तथा सुविधाको उपयोग पारदर्शी, समावेशी तथा परिणाममुखी ढङ्गबाट गरिनेछ।

**३४. विशेष व्यवस्था**

(१) प्राकृतिक विपद्, महामारी वा विशेष परिस्थितिबाट प्रभावित लाभग्राहीका लागि गाउँपालिकाले कार्यपालिकाको निर्णयबमोजिम विशेष राहत, पुनःस्थापना वा पुनरुत्थान सहयोग कार्यक्रम सञ्चालन गर्न सक्नेछ।

(२) महिला, युवा, अपाङ्गता भएका व्यक्ति, दलित, सीमान्तकृत समुदाय तथा वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिका लागि लक्षित विशेष स्वरोजगार कार्यक्रम सञ्चालन गर्न सकिनेछ।

## परिच्छेद–६: पूर्ण स्वरोजगार घोषणा मापदण्ड

### ३५. पूर्ण स्वरोजगार घोषणा गर्ने उद्देश्य

(१) उत्पादन र उद्यमशीलता मार्फत रोजगारी सिर्जना तथा न्युनतम रोजगारी प्रत्याभूति, सीप बिकास, उद्यमशीलता प्रवर्धन र पुन एकिकरण सम्बन्धि क्रियाकलाप संचालन गरिनेछ |

(२) गाउँपालिकाभित्र कार्य गर्न सक्षम र इच्छुक प्रत्येक व्यक्तिलाई उत्पादनशील, सम्मानजनक तथा दीगो स्वरोजगारमा आबद्ध गरी आयआर्जनको अवसर सुनिश्चित गर्नु यस परिच्छेदको उद्देश्य हुनेछ।

(३) पूर्ण स्वरोजगार घोषणा तथ्यमा आधारित, मापनयोग्य तथा प्रमाणीकरणयोग्य सूचकका आधारमा गरिनेछ।

### ३६. घोषणा गर्नुपर्ने पूर्वशर्त

उत्पादन र उद्यमशीलता मार्फत रोजगारी सिर्जना तथा न्युनतम रोजगारी प्रत्याभूति, सीप बिकास, उद्यमशीलता प्रवर्धन र पुन एकिकरण सम्बन्धि क्रियाकलाप संचालन गरि पूर्ण स्वरोजगारयुक्त वडा वा गाउँपालिका घोषणा गर्न देहायका आधारभूत शर्तहरू पूरा भएको हुनुपर्नेछः

(क) गाउँपालिकाका सबै वडामा घरधुरी तथा श्रमशक्ति प्रोफाइल अद्यावधिक गरिएको हुनुपर्ने।

(ख) कार्य गर्न सक्षम र इच्छुक व्यक्तिको अभिलेख तयार भएको हुनुपर्ने।

(ग) बेरोजगार व्यक्तिलाई उपयुक्त सीप, उद्यम वा रोजगारी कार्यक्रममा आबद्ध गरिएको हुनुपर्ने।

(घ) स्वरोजगार कार्यक्रमको अनुगमन तथा प्रमाणीकरण सम्पन्न भएको हुनुपर्ने।

(ङ) स्वरोजगार व्यक्तिहरु लाइ व्यवसायिक वृद्धि बिकास को लागि तालिम गरेको हुनु पर्ने |

(च) व्यवसायिक कामदार, कर्मचारी हरु सिप परिक्षण अनिबार्य गरिएको हुनु पर्ने |

(छ) वैदेशिक रोजगार बाट फर्किएका हरु को सिप लाइ प्रमाणीकरण गरि सोहि अनुरुप को स्वरोजगार , ब्यबासायिक र रोजगार मा आबद्ध गर्ने तालिम दिनु पर्ने |

(ज) सिप परिक्षण पश्चात डिजीटल साक्षर सम्बन्धि अनिबार्य तालिम दिनु पर्ने |

### ३७. बेरोजगार व्यक्तिलाई उपयुक्त सीप, उद्यम वा रोजगारी कार्यक्रम

उत्पादन र उद्यमशीलता मार्फत रोजगारी सिर्जना तथा न्युनतम रोजगारी प्रत्याभूति, सीप बिकास, उद्यमशीलता प्रवर्धन र पुन एकिकरण सम्बन्धि क्रियाकलाप संचालन गरि पूर्ण स्वरोजगारयुक्त वडा वा गाउँपालिका कार्यक्रमका मुख्य खण्ड र सञ्चालन विधि

| कार्यक्रमको क्षेत्र | सञ्चालन विधि र प्रक्रिया | लक्षित वर्ग / योग्यता |
|---|---|---|
| न्यूनतम रोजगार प्रत्याभूति | सार्वजनिक निर्माण (सिँचाइ कुलो, गोरेटो बाटो, वृक्षारोपण) मार्फत स्थानीय स्तरमा श्रममूलक आयोजना सञ्चालन। बिपत व्यपस्थापन सम्बन्धि | रोजगार सेवा केन्द्रमा दर्ता भएका १८ देखि ५९ वर्ष उमेरका बेरोजगार नागरिक (न्यूनतम १०० दिनको रोजगारी)। |
| सीप तथा व्यावसायिक विकास | बजारको मागमा आधारित अल्पकालीन प्राविधिक तालिमहरू (प्लम्बिङ, हाउस वायरिङ, सिलाई-कटाई, व्यावसायिक कृषि आदि) स्वीकृत संस्थामार्फत सञ्चालन। | बेरोजगार युवा, महिला, दलित तथा आर्थिक रूपमा विपन्न नागरिकहरू। |
| उद्यमशीलता प्रवर्धन | व्यावसायिक योजना (Business Plan) बनाउन सघाउने, प्राविधिक परामर्श दिने र बैंकहरूसँग समन्वय गरी सहुलियतपूर्ण कर्जा वा बीउ पुँजी (Seed Capital) उपलब्ध गराउने। | नयाँ व्यवसाय सुरु गर्न चाहने नवप्रवर्तनकारी युवा र उद्यमीहरू। |
| रिटर्नी पुनःएकीकरण | रोजगार सेवा केन्द्रमा विदेशबाट फर्किएकाहरूको सीप र अनुभवको प्रोफाइलिङ गर्ने। वित्तीय संस्था र स्थानीय बजारसँग जोडेर आर्थिक-सामाजिक पुनःस्थापना गर्ने। | वैदेशिक रोजगारीबाट फर्किएका नागरिकहरू जो आफ्नै देशमा उद्यम गर्न चाहन्छन्। |

**३८. पूर्ण रोजगार तथा स्वरोजगारका प्रमुख सूचकहरू**

पूर्ण स्वरोजगार घोषणा गर्न कम्तीमा देहायका सूचकहरू पूरा भएको हुनुपर्नेछः

**(क) श्रम सहभागिता**

- १८ देखि ५९ वर्ष उमेर समूहका काम गर्न सक्षम र इच्छुक व्यक्तिमध्ये कम्तीमा ९५ प्रतिशत कुनै न कुनै उत्पादनशील पेशा, व्यवसाय, कृषि, पशुपालन, सेवा वा उद्यममा संलग्न भएको।

**(ख) परिवारको आयआर्जन**

१) प्रत्येक घरपरिवारको कम्तीमा एक स्थायी आयस्रोत भएको।
२) लक्षित परिवारहरूको वार्षिक आय गाउँपालिकाले तोकेको न्यूनतम आयस्तरभन्दा कम नभएको।

**(ग) उद्यम सञ्चालन**

- गाउँपालिकाबाट सहयोग प्राप्त कम्तीमा **९० प्रतिशत उद्यम** एक वर्षपछि पनि सञ्चालनमा रहेको।

**(घ) सीप विकास**

- छनोट भएका लाभग्राहीमध्ये कम्तीमा **९० प्रतिशतले** आवश्यक सीपमूलक तालिम प्राप्त गरेको।

**(ङ) वित्तीय पहुँच**

- स्वरोजगारमा आबद्ध कम्तीमा **८० प्रतिशत लाभग्राही** बैंक, सहकारी वा वित्तीय संस्थासँग आबद्ध भएको।

**(च) महिला सहभागिता**

- कार्यक्रमका कुल लाभग्राहीमध्ये कम्तीमा **५० प्रतिशत महिला** रहेको।

**(छ) समावेशिता**

- दलित, जनजाति, अपाङ्गता भएका व्यक्ति, एकल महिला, विपन्न तथा सीमान्तकृत समुदायको सहभागिता गाउँपालिकाले तोकेको लक्ष्यअनुसार सुनिश्चित भएको।

**(ज) युवा सहभागिता**

- बेरोजगार युवामध्ये अधिकांशलाई उद्यम, कृषि वा अन्य स्वरोजगारमा आबद्ध गरिएको।

**(झ) बजार पहुँच**

- उत्पादनमुखी उद्यममध्ये कम्तीमा **९० प्रतिशत** ले नियमित रूपमा आफ्नो उत्पादन बजारमा बिक्री गरिरहेको।

**(ञ) अभिलेख व्यवस्थापन**

- सबै लाभग्राहीको अद्यावधिक डिजिटल वा लिखित अभिलेख राखिएको।

**३९. वडा घोषणा मापदण्ड**

(१) कुनै वडालाई पूर्ण रोजगार तथा स्वरोजगारयुक्त वडा घोषणा गर्न देहायका शर्तहरू पूरा भएको हुनुपर्नेछः

(क) वडाका सबै घरधुरीको सर्वेक्षण सम्पन्न गरी डाटा भण्डारण सुरक्षित भएको।

(ख) कार्य गर्न सक्षम र इच्छुक व्यक्तिमध्ये कम्तीमा ९५ प्रतिशत रोजगार तथा स्वरोजगार उत्पादनशील कार्यमा संलग्न भएको।

(ग) वडामा सञ्चालन भएका स्वरोजगार कार्यक्रमको प्रमाणीकरण सम्पन्न भएको।

(घ) वडा स्तरीय समितिले घोषणा गर्न सिफारिस गरेको।

**४०. गाउँपालिका घोषणा मापदण्ड**

(१) गाउँपालिकाका सबै वडाले पूर्ण रोजगार तथा स्वरोजगारयुक्त वडा घोषणा प्राप्त गरेको हुनुपर्नेछ।

(२) गाउँपालिका स्तरीय समितिले सबै सूचकहरूको मूल्याङ्कन गरी कार्यपालिकामा सिफारिस गर्नुपर्नेछ।

(३) गाउँ कार्यपालिकाले आवश्यक प्रमाणीकरणपछि पूर्ण रोजगार तथा स्वरोजगारयुक्त गाउँपालिका घोषणा गर्ने निर्णय गर्न सक्नेछ।

**४१. प्रमाणीकरण प्रक्रिया**

(१) वडा समितिले प्रारम्भिक स्वमूल्याङ्कन (Self-Assessment) गर्नेछ।

(२) गाउँपालिका स्तरीय अनुगमन टोलीले स्थलगत प्रमाणीकरण गर्नेछ।

(३) आवश्यकता अनुसार स्वतन्त्र विज्ञ वा तेस्रो पक्षबाट प्रमाणीकरण गराउन सकिनेछ।

(४) प्रमाणीकरण प्रतिवेदनका आधारमा गाउँपालिका स्तरीय समितिले घोषणा सम्बन्धी सिफारिस गर्नेछ।

**४२. घोषणा प्रक्रिया**

घोषणा प्रक्रिया देहायबमोजिम हुनेछः

(क) वडा समितिको सिफारिस।

(ख) गाउँपालिका स्तरीय अनुगमन।

(ग) प्रमाणीकरण प्रतिवेदन।

(घ) गाउँपालिका स्तरीय समितिको निर्णय।

(ङ) गाउँ कार्यपालिकाबाट स्वीकृति।

(च) सार्वजनिक घोषणा तथा प्रमाणपत्र वितरण।

**४३. घोषणा पश्चात् दीगोपना**

(१) पूर्ण स्वरोजगार घोषणा पश्चात् पनि गाउँपालिकाले स्वरोजगार कार्यक्रमलाई निरन्तरता दिनेछ।

(२) घोषणा भएको प्रत्येक वर्ष प्रगति समीक्षा तथा पुनःप्रमाणीकरण गरिनेछ।

(३) कुनै वडा वा गाउँपालिकामा स्वरोजगारका सूचकहरू उल्लेखनीय रूपमा घटेको पाइएमा सुधार कार्ययोजना तयार गरी कार्यान्वयन गरिनेछ।

**४४. उत्कृष्ट वडा तथा उद्यम सम्मान**

(१) उत्कृष्ट कार्यसम्पादन गर्ने वडा, उद्यमी, कृषक समूह, सहकारी वा उद्यमलाई गाउँपालिकाले वार्षिक रूपमा सम्मान तथा प्रोत्साहन गर्न सक्नेछ।

(२) सम्मानका आधार, प्रक्रिया तथा पुरस्कारको प्रकृति गाउँ कार्यपालिकाले निर्धारण गरेबमोजिम हुनेछ।

## परिच्छेद–७: अनुगमन तथा मूल्याङ्कन

### ४५. अनुगमन तथा मूल्याङ्कनको उद्देश्य

(१) यस कार्यविधिअन्तर्गत सञ्चालन भएका स्वरोजगार कार्यक्रमको प्रभावकारिता, पारदर्शिता, गुणस्तर, उपलब्धि तथा दीगोपनाको सुनिश्चितता गर्न नियमित अनुगमन तथा मूल्याङ्कन गरिनेछ।

(२) अनुगमन तथा मूल्याङ्कनका मुख्य उद्देश्य देहायबमोजिम हुनेछन्–

(क) कार्यक्रम निर्धारित लक्ष्यअनुसार कार्यान्वयन भए/नभएको सुनिश्चित गर्ने।

(ख) लाभग्राहीले प्राप्त सहयोगको सदुपयोग गरेको अवस्था मूल्याङ्कन गर्ने।

(ग) रोजगारी सिर्जना, आयवृद्धि तथा उद्यमको दीगोपनाको अवस्था मापन गर्ने।

(घ) समस्या, चुनौती तथा सुधारका क्षेत्र पहिचान गरी आवश्यक सुधारात्मक उपाय अवलम्बन गर्ने।

### ४६. अनुगमन समिति

(१) कार्यक्रमको अनुगमनका लागि देहायबमोजिम गाउँपालिका स्तरीय अनुगमन समिति रहनेछः

क) गाउँपालिका उपाध्यक्ष – संयोजक
ख) प्रमुख प्रशासकीय अधिकृत – सदस्य
ग) आर्थिक विकास शाखा प्रमुख – सदस्य
घ) योजना शाखा प्रमुख – सदस्य
ङ) रोजगार संयोजक – सदस्य
च) कृषि शाखा प्रमुख – सदस्य
छ) पशु सेवा शाखा प्रमुख – सदस्य
ज) आवश्यकताअनुसार विषय विशेषज्ञ – सदस्य
झ) रोजगार सेवा केन्द्र– सदस्य–सचिव

(२) आवश्यकताअनुसार कार्यपालिकाले छुट्टै प्राविधिक अनुगमन टोली वा तेस्रो पक्ष मूल्याङ्कन समिति गठन गर्न सक्नेछ।

### ४७. अनुगमनका प्रकार

अनुगमन देहायबमोजिम गरिनेछः

(क) नियमित अनुगमन,

(ख) स्थलगत अनुगमन,

(ग) आकस्मिक अनुगमन,

(घ) प्राविधिक अनुगमन,

(ङ) अन्तिम प्रमाणीकरण अनुगमन।

**४८. अनुगमनका आधार**

अनुगमन गर्दा विशेष रूपमा देहायका विषयहरूको मूल्याङ्कन गरिनेछः

(क) लाभग्राही छनोट प्रक्रिया,

(ख) सम्झौताअनुसार कार्यक्रम सञ्चालन भए/नभएको,

(ग) अनुदान तथा उपकरणको उपयोग,

(घ) उद्यम सञ्चालनको अवस्था,

(ङ) उत्पादन तथा सेवा प्रवाह,

(च) रोजगारी सिर्जनाको अवस्था,

(छ) आयवृद्धि,

(ज) लागत साझेदारीको पालना,

(झ) वातावरणीय तथा सामाजिक दायित्वको पालना,

(ञ) अभिलेख तथा वित्तीय व्यवस्थापन।

**४९. प्रगति प्रतिवेदन**

(१) प्रत्येक लाभग्राहीले गाउँपालिकाले तोकेको ढाँचामा आवश्यक प्रगति विवरण उपलब्ध गराउनुपर्नेछ।

(२) वडा समितिले त्रैमासिक रूपमा प्रगति प्रतिवेदन गाउँपालिकामा पेश गर्नेछ।

(३) सचिवालयले अर्धवार्षिक तथा वार्षिक प्रतिवेदन तयार गरी गाउँपालिका स्तरीय समितिमा पेश गर्नेछ।

**५०. कार्यसम्पादन सूचक (Performance Indicators)**

कार्यक्रमको प्रभावकारिता मापन गर्न देहायका सूचक प्रयोग गरिनेछः

(क) सिर्जना भएको नयाँ स्वरोजगार तथा रोजगारहरुको संख्या,

(ख) नियमित सञ्चालनमा रहेका उद्यमको प्रतिशत,

(ग) लाभग्राहीको औसत आयवृद्धि,

(घ) महिला तथा लक्षित वर्गको सहभागिता,

(ङ) बैंक तथा सहकारीमा पहुँच,

(च) उत्पादन तथा बिक्रीको अवस्था,

(छ) बजारसँगको आबद्धता,

(ज) कार्यक्रमबाट सन्तुष्ट लाभग्राहीको प्रतिशत।

**५१. मूल्याङ्कन**

(१) गाउँपालिकाले प्रत्येक आर्थिक वर्षको अन्त्यमा कार्यक्रमको समग्र मूल्याङ्कन गर्नेछ।

(२) आवश्यकता अनुसार मध्यावधि (Mid-term) तथा अन्तिम (Final) मूल्याङ्कन गर्न सकिनेछ।

(३) मूल्याङ्कनमा प्रभावकारिता, दक्षता, समावेशिता, दीगोपना, लागत–प्रभावकारिता तथा नतिजाको विश्लेषण गरिनेछ।

**५२. तेस्रो पक्षबाट मूल्याङ्कन**

(१) आवश्यकता अनुसार गाउँपालिकाले विश्वविद्यालय, अनुसन्धान संस्था, परामर्शदाता वा अन्य योग्य संस्थामार्फत स्वतन्त्र मूल्याङ्कन गराउन सक्नेछ।

(२) स्वतन्त्र मूल्याङ्कनबाट प्राप्त सुझाव कार्ययोजना तयार गरी कार्यान्वयन गरिनेछ।

**५३. गुनासो व्यवस्थापन**

(१) लाभग्राही वा सरोकारवालाले कार्यक्रमसम्बन्धी गुनासो गाउँपालिका वा सम्बन्धित वडा कार्यालयमा लिखित वा विद्युतीय माध्यमबाट दर्ता गर्न सक्नेछन्।

(२) प्राप्त गुनासो १५ कार्यदिनभित्र आवश्यक अनुसन्धान गरी सम्बोधन गर्ने व्यवस्था मिलाइनेछ।

(३) गुनासोकर्ताको गोपनीयता यथासम्भव कायम गरिनेछ।

**५४. सुधारात्मक कार्ययोजना**

(१) अनुगमन तथा मूल्याङ्कनबाट देखिएका कमजोरी सुधार गर्न सम्बन्धित शाखा वा लाभग्राहीले सुधारात्मक कार्ययोजना तयार गरी कार्यान्वयन गर्नुपर्नेछ।

(२) सुधारात्मक कार्ययोजनाको कार्यान्वयन अवस्था पुनःअनुगमन गरिनेछ।

**५५. सामाजिक परीक्षण तथा सार्वजनिक सुनुवाइ**

(१) कार्यक्रमको पारदर्शिता र जवाफदेहिता अभिवृद्धि गर्न आवश्यकता अनुसार सामाजिक परीक्षण तथा सार्वजनिक सुनुवाइ सञ्चालन गर्न सकिनेछ।

(२) सामाजिक परीक्षणबाट प्राप्त सुझावलाई आगामी योजना तथा कार्यक्रम तर्जुमामा समावेश गरिनेछ।

**५६. सूचना तथा अभिलेख व्यवस्थापन**

(१) कार्यक्रमसम्बन्धी सम्पूर्ण तथ्याङ्क, प्रतिवेदन, अनुगमन फाराम, फोटो, सम्झौता तथा अन्य अभिलेख सुरक्षित रूपमा राखिनेछ।

(२) गाउँपालिकाले आवश्यकतानुसार विद्युतीय सूचना प्रणाली (MIS) मार्फत कार्यक्रमको प्रगति अद्यावधिक गर्नेछ।

**५७. वार्षिक समीक्षा**

(१) गाउँपालिकाले प्रत्येक आर्थिक वर्षको अन्त्यमा स्वरोजगार कार्यक्रमको वार्षिक समीक्षा बैठक आयोजना गर्नेछ।

(२) समीक्षा बैठकमा वडा समिति, लाभग्राही, सहकारी, बैंक तथा वित्तीय संस्था, निजी क्षेत्र, विकास साझेदार तथा अन्य सरोकारवालाको सहभागिता गराउन सकिनेछ।

(३) समीक्षा बैठकबाट प्राप्त सुझावका आधारमा आगामी वर्षको योजना, बजेट तथा कार्यक्रम परिमार्जन गरिनेछ।

## परिच्छेद–७: विविध

**५८. बाधा अड्काउ फुकाउने अधिकार**

यस कार्यविधिको कार्यान्वयनका क्रममा कुनै कानुनी, प्राविधिक वा प्रशासनिक बाधा उत्पन्न भएमा प्रचलित कानुनको अधीनमा रही गाउँ कार्यपालिकाले आवश्यक निर्णय गरी त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ।

**५९. व्याख्या गर्ने अधिकार**

यस कार्यविधिको कुनै व्यवस्थाको कार्यान्वयन वा अर्थ सम्बन्धमा द्विविधा उत्पन्न भएमा त्यसको अन्तिम व्याख्या गर्ने अधिकार गाउँ कार्यपालिकामा निहित रहनेछ।

**६०. संशोधन**

(१) गाउँ कार्यपालिकाले आवश्यकता अनुसार यस कार्यविधिमा संशोधन, थपघट वा परिमार्जन गर्न सक्नेछ।

(२) अनुसूची, मापदण्ड, फाराम तथा प्राविधिक निर्देशिका समयानुकूल परिमार्जन गर्न सकिनेछ।

**६१. अभिलेख संरक्षण**

यस कार्यविधिअन्तर्गत तयार भएका निवेदन, सम्झौता, प्रतिवेदन, मूल्याङ्कन, वित्तीय विवरण तथा अन्य अभिलेख गाउँपालिकाले कम्तीमा पाँच वर्ष सुरक्षित राख्नेछ।

**६२. पुरस्कार तथा दण्ड**

(१) उत्कृष्ट कार्यसम्पादन गर्ने लाभग्राही, उद्यम, सहकारी, समूह तथा वडालाई गाउँपालिकाले सम्मान वा पुरस्कार प्रदान गर्न सक्नेछ।

(२) यस कार्यविधिको उद्देश्यविपरीत कार्य गर्ने, गलत विवरण पेश गर्ने वा अनुदानको दुरुपयोग गर्ने व्यक्तिबाट प्रचलित कानुनबमोजिम अनुदान फिर्ता लिन तथा आवश्यक कारबाही गर्न सकिनेछ।

**६३. खारेजी तथा बचाउ**

(१) यस कार्यविधि लागू हुनुअघि स्वरोजगार कार्यक्रम सञ्चालनका सम्बन्धमा भएका निर्णय वा व्यवस्था यस कार्यविधिसँग नबाझिने हदसम्म कायम रहनेछन्।

(२) यस कार्यविधि लागू भएपछि यस विषयमा गाउँपालिकाबाट जारी भएका बाझिने व्यवस्था स्वतः खारेज भएको मानिनेछ।

**अनुसूची–१**
**(दफा १४ सँग सम्बन्धित)**
**घरधुरी सर्वेक्षण फाराम**

१. घरधुरी नम्बर: ............
२. वडा नं.: ............
३. टोल: ............
४. घरमूलीको नाम: ............
५. परिवार सदस्य संख्या: पुरुष..... महिला..... अन्य.....
६. १८–५९ वर्ष श्रमयोग्य संख्या: ........

७. हालको मुख्य पेशा:

□ कृषि

□ पशुपालन

□ व्यापार

□ सेवा

□ वैदेशिक रोजगार

□ बेरोजगार

□ अन्य............
८. मासिक/वार्षिक अनुमानित आय: ............
९. सीप भएको क्षेत्र: ............
१०. स्वरोजगार गर्न इच्छुक क्षेत्र: ............

११. आवश्यक सहयोग:

□ तालिम

□ उपकरण

□ अनुदान

□ ऋण

□ बजार

□ प्राविधिक सेवा

सर्वेक्षकको नाम: ............

मिति: ............

**अनुसूची–२**
**(दफा १४ सँग सम्बन्धित)**
**लाभग्राही छनोट मूल्याङ्कन फाराम**

| **मापदण्ड** | **अंक** |
|---|---|
| विपन्न परिवार | २० |
| बेरोजगार युवा | १५ |
| महिला | १० |
| दलित/जनजाति | १० |
| अपाङ्गता भएका व्यक्ति | १० |
| व्यवसाय योजना | १५ |
| स्थानीय स्रोतको उपयोग | १० |
| बजार सम्भाव्यता | १० |
| लागत सहभागिता | १० |
| **जम्मा** | **१००** |

छनोट सिफारिस:

☐ योग्य

☐ प्रतीक्षा सूची

☐ अयोग्य

**अनुसूची–३**
**(दफा ४५ सँग सम्बन्धित)**
**अनुगमन चेकलिस्ट**

| **विषय** | **अवस्था** |
|---|---|
| सम्झौता भएको | |
| अनुदान प्राप्त | |
| उद्यम सञ्चालनमा | |
| उपकरण प्रयोग भएको | |
| उत्पादन भइरहेको | |
| बिक्री भइरहेको | |
| आयवृद्धि भएको | |
| अभिलेख राखिएको | |
| थप सहयोग आवश्यक | |

अनुगमनकर्ताको नाम: …………

## अनुसूची–४
## (दफा ३८ र ३९ सँग सम्बन्धित)
## पूर्ण स्वरोजगार घोषणा प्रमाणीकरण फाराम

वडा नं.: ........

कुल घरधुरी: ........

श्रमयोग्य जनसंख्या: ........

स्वरोजगारमा आबद्ध: ........

प्रतिशत: ........

सूचकहरू पूरा भएको:

□ हो

□ होइन

अनुगमन टोलीको सिफारिस:

.............................................

समितिको निर्णय:

.............................................

**अनुसूची–५**
**(दफा २९ सँग सम्बन्धित)**
**अनुदान/सहयोग सम्झौता नमूना**

गुराँस गाउँपालिका, दैलेख (प्रथम पक्ष) र श्री/संस्था ................. (दोस्रो पक्ष) बीच देहायबमोजिम सम्झौता गरियोः

१. कार्यक्रमको नाम:

२. सहयोगको विवरण:

३. लाभग्राहीको लागत सहभागिता:

४. कार्यक्रम सम्पन्न गर्ने अवधि:

५. दुवै पक्षको दायित्व:

६. अनुगमन तथा प्रतिवेदन:

७. सम्झौता उल्लङ्घन भएमा अपनाइने प्रक्रिया:

८. विवाद समाधान:

प्रथम पक्ष

नाम:

पद:

दस्तखत:

दोस्रो पक्ष

नाम:

ठेगाना:

दस्तखत:

मिति:

**अनुसूची–६**

**(दफा ३५, ३६, ३७ र ३८ सँग सम्बन्धित)**

**पूर्ण स्वरोजगार घोषणा सूचकाङ्क (Scoring Matrix)**

| **क्र.सं.** | **सूचक** | **अधिकतम अंक** | **प्राप्त अंक** |
|---|---|---|---|
| १ | घरधुरी सर्वेक्षण १००% सम्पन्न | ५ | |
| २ | श्रमशक्ति विवरण अद्यावधिक | ५ | |
| ३ | श्रमयोग्य तथा इच्छुक व्यक्तिमध्ये कम्तीमा ९५% स्वरोजगार/रोजगारीमा आबद्ध | २० | |
| ४ | प्रत्येक घरधुरीमा कम्तीमा एक स्थायी आयस्रोत | १५ | |
| ५ | सञ्चालनमा रहेका उद्यमको दीगोपना (कम्तीमा ९०%) | १० | |
| ६ | सीप विकास तालिम सम्पन्न | १० | |
| ७ | महिला तथा लक्षित वर्गको सहभागिता | १० | |
| ८ | बैंक/सहकारीसँग वित्तीय पहुँच | ५ | |
| ९ | उत्पादन तथा बजार पहुँच | १० | |
| १० | नियमित अभिलेख तथा MIS अद्यावधिक | ५ | |
| ११ | वातावरणीय तथा सामाजिक उत्तरदायित्वको पालना | ५ | |
| **जम्मा** | | **१००** | |

**मूल्याङ्कनको आधार**

क) **९०–१०० अंक:** पूर्ण स्वरोजगार घोषणा गर्न योग्य।
ख) **८०–८९ अंक:** सुधारसहित पुनः प्रमाणीकरण।
ग) **८० भन्दा कम:** घोषणा गर्न अयोग्य; सुधारात्मक कार्ययोजना तयार गर्ने।

**मूल्याङ्कन समितिको सिफारिस:** ..........................................................................

**संयोजक:** ................................

**सदस्यहरू:** .........................................................

**मिति:** ................................

## अनुसूची–७
### (दफा १५ र २९ सँग सम्बन्धित)
### उद्यम कार्ययोजना (Business Action Plan)

**१. लाभग्राहीको विवरण**

- नाम:
- ठेगाना:
- वडा नं.:
- सम्पर्क नं.:
- नागरिकता नं.:

**२. प्रस्तावित उद्यम**

- उद्यमको नाम:
- उद्यमको प्रकृति:
- सञ्चालन स्थान:
- सुरु गर्ने मिति:

**३. उद्देश्य**

....................................................................

**४. उत्पादन/सेवा**

....................................................................

**५. अनुमानित लागत**

| **विवरण** | **रकम (रु.)** |
|---|---|
| लाभग्राहीको लगानी | |
| गाउँपालिकाको सहयोग | |
| ऋण | |
| अन्य | |
| **जम्मा** | |

**६. आवश्यक तालिम**

☐ कृषि

☐ पशुपालन

☐ उद्योग

☐ वित्तीय साक्षरता

☐ लेखा व्यवस्थापन

☐ बजार व्यवस्थापन

☐ अन्य...................

**७. अपेक्षित उपलब्धि**

- सिर्जना हुने रोजगारी: .......... जना
- अनुमानित वार्षिक आय: रु. ..............
- अनुमानित उत्पादन: .....................

**८. जोखिम तथा न्यूनीकरण**

**सम्भावित जोखिम न्यूनीकरणको उपाय**

**९. स्वघोषणा**

म प्रस्तुत व्यवसाय योजना कार्यान्वयन गर्ने तथा प्राप्त सहयोगको सदुपयोग गर्ने प्रतिबद्धता व्यक्त गर्दछु।

लाभग्राहीको दस्तखत: ....................

मिति: ............................

**अनुसूची–८**

**(दफा ४६ सँग सम्बन्धित)**

**त्रैमासिक प्रगति प्रतिवेदन**

**आर्थिक वर्ष:** ....................

**त्रैमासिक:** प्रथम / द्वितीय / तृतीय / चतुर्थ

**वडा नं.:** ............

**१. कार्यक्रमको विवरण**

| **कार्यक्रम** | **लक्ष्य** | **प्रगति** | **प्रतिशत** |
|---|---|---|---|
| लाभग्राही संख्या | | | |
| सञ्चालन भएका उद्यम | | | |
| सीप तालिम | | | |
| अनुदान वितरण | | | |

**२. वित्तीय प्रगति**

| **विवरण** | **रकम (रु.)** |
|---|---|
| स्वीकृत बजेट | |
| खर्च | |
| बाँकी | |

**३. उपलब्धि**

- नयाँ स्वरोजगार सिर्जना: .......... जना
- सञ्चालनमा रहेका उद्यम: ..........
- महिला लाभग्राही: ..........
- दलित/जनजाति लाभग्राही: ..........
- बैंक/सहकारीसँग आबद्ध: ..........

**४. समस्या**

......................................................................

**५. समाधानका प्रयास**

......................................................................

**६. आगामी त्रैमासको कार्ययोजना**

......................................................................

तयार गर्ने:

नाम: ............................

पद: ............................

मिति: ............................

**अनुसूची–९**
**(दफा ४८ सँग सम्बन्धित)**
**वार्षिक मूल्याङ्कन फाराम**
**आर्थिक वर्ष:** ....................

## १. आधारभूत विवरण

- वडा संख्या:
- कुल घरधुरी:
- श्रमयोग्य जनसंख्या:
- स्वरोजगारमा आबद्ध संख्या:

## २. कार्यसम्पादन मूल्याङ्कन

| **सूचक** | **लक्ष्य** | **उपलब्धि** | **कैफियत** |
|---|---|---|---|
| स्वरोजगार सिर्जना | | | |
| उद्यम स्थापना | | | |
| सञ्चालनमा रहेका उद्यम | | | |
| आयवृद्धि | | | |
| महिला सहभागिता | | | |
| लक्षित वर्ग सहभागिता | | | |
| तालिम सम्पन्न | | | |
| बजारीकरण | | | |

## ३. प्रभाव मूल्याङ्कन

| **विषय** | **अवस्था** |
|---|---|
| बेरोजगारी घटेको | ☐ हो ☐ होइन |
| आयस्तर वृद्धि भएको | ☐ हो ☐ होइन |
| उद्यम दीगो रहेको | ☐ हो ☐ होइन |
| बजार पहुँच बढेको | ☐ हो ☐ होइन |
| गरिबी न्यूनीकरणमा योगदान | ☐ हो ☐ होइन |

**४. प्रमुख उपलब्धि**

...................................................................

**५. प्रमुख चुनौती**

...................................................................

**६. सुधारका सुझाव**

...................................................................

**७. मूल्याङ्कन निष्कर्ष**

☐ उत्कृष्ट

☐ सन्तोषजनक

☐ सुधार आवश्यक

☐ पुनःमूल्याङ्कन आवश्यक

**८. सिफारिस**

☐ पूर्ण स्वरोजगार घोषणा गर्न योग्य।

☐ सुधार गरी पुनः प्रमाणीकरण गर्नुपर्ने।

☐ थप कार्यक्रम सञ्चालन गर्नुपर्ने।

**मूल्याङ्कन समितिको संयोजकः** ............................

**सदस्यहरूः** .................................................

**मितिः** ................................

आज्ञाले,

ओम प्रकाश देवकोटा

प्रमुख प्रशासकीय अधिकृत